**बैठक संख्या : ५८**

आज मिति २०७६/१०/१५ गते १२.० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २५ | श्री विजय राज वाग्ले | अधिकृत | |

**बैठकका प्रस्तावहरु :**

१. छैटौं नगर सभा सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

यस नगरपालिकाको छैटौं नगर सभाको बैठक आगामी २०७६ साल माघ २७ गते विहान ०८.० बजे बस्ने निर्णय गरियो ।

**कार्यपालिका सदस्यज्यूहरुबाट पेस भएका एजेण्डा तथा निर्णयहरु :**

**निर्णय नं. २,**

मिति २०७६/०७/२४ को नगर कार्यपालिकाको निर्णय अनुसार भौतिक पूर्वाधार निर्माण तर्फ सशर्त अनुदानको दुई कोठे भवन सुन्दर प्राथमिक विद्यालय वडा नं. ४ मालपारामा प्रदान गरिएकोमा उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन नभएकोले उक्त २ कोठे भवन कपिलवस्तु नगरपालिकाको वडा नं. १२ मा रहेको आधारभूत विद्यालय पिपरहवामा दिने निर्णय गरियो ।

**निर्णय नं. ३,**

बुद्ध पद्म माध्यमिक विद्यालय, क.व.न.पा. २ मा कार्यरत मा.वि. द्धितीय श्रेणीका शिक्षक श्री ईश्वर प्रसाद गुप्ता यस नगरपालिकाको निर्णय अनुसार श्रोत व्यक्तिको पदमा २०७६ पौष मसान्तसम्म कार्यरत रहेकोमा निजको म्याद थप गरी २०७७ साल आषाढ मसान्त सम्म कायम गर्ने र निजको सट्टामा श्री बुद्धपद्म मा.वि.तौलिहवालाई सट्टा शिक्षक राख्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

आ.ब. २०७५/०७६ मा क.व.न.पा. वडा नं. ९ जगदीशपुर चौराहा देखि पश्चिम सडक कालो पत्रे गर्ने क्रममा वीस मिटर अधूरो रहन गएकोले सो कार्य पुरा गर्न रु. एकलाख आगामी नगर सभाबाट व्यवस्था गर्नका लागी सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५,**

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत वडा नं. ८ को पश्चिम मैनीहवा देखि मुराउडिहवा हुदै कचरिहवाको भँडेहर जाने पुल सम्मको सडक निर्माणको लागी भौतिक पूर्वाधार विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६,**

कपिलवस्तु नगरपालिका वडा नं. ८ मा निर्माणाधिन रहेको स्वास्थ्य चौकीमा रकम अपूग भएकोले उक्त स्वास्थ्य चौकीको स्टिमेट अनुसार बजेट व्यवस्था गरि निर्माण गर्न नगर सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७,**

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कपिलवस्तु नगरपालिका वडा नं. ५ डंगरी क.व.को प.सं. ०७६/०७७/७२, मिति २०७६/१०/१५ गतेको पत्र अनुसार माग भएको भौतिक पूर्वाधार निर्माण तथा मर्मतका लागी रकम माग भएकोमा सो कार्यका लागी रु. पचास हजार सम्बोधनबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८,**

पत्रकार किरणमान बज्राचार्य यस नगरपालिकाको वडा नं. ५ मा कार्यक्रमको रिपोर्टिङ् गरी फर्कने क्रममा मोटरसाईकल दूर्घटनामा परी हात भाँचिएको हुँदा औषधी उपचारको लागी कल्याणकारी स्वास्थ्य कोष कार्यक्रमबाट निजलाई रु. वीस हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९,**

मिति २०७६/०९/११ गतेको कार्यपालिका बैठकको निर्णय नं. १७ मा भएको निर्णयलाई संशोधन गरी हिन्दीमञ्च नेपाल तौलिहवा कपिलवस्तुलाई हिन्दमञ्चको अन्तराष्ट्रिय सम्मेलनको लागी कला, संस्कृति, धार्मिक संरक्षण शिर्षकबाट रु. पच्चीस हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०,**

क.व.न.पा. वडा नं. ११ को सितलाबक्स मा.वि. रेहराको सरस्वती मन्दिर निर्माणमा यस अघि उपलब्ध गराइएको रु. एकलाख अपूग भएको हुदा उक्त मन्दिर पुरा गर्नको लागी सम्बोधनबाट रु.पचास हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११,**

वडा नं ५ का तपसिल बमोजिमका योजनाहरु संसोधन गर्न आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

१) सेनेटरी प्याड खरिदको लागी विनियोजित रकम रु. ४०,०००/- मध्ये रु. १५,०००/- सेनेटरी प्याड खरिदमा खर्च गर्ने र बाँकी रु. २५,०००/- तिलकराम चेतना बाल विकास केन्द्रमा झोला तथा अन्य सामाग्रीमा खर्च गर्ने ।

२) दलित, मूस्लीम तथा गरीब घरहरुमा हेण्डपाईप वितरणका लागी विनियोजित रकम रु. ४,००,०००/- मध्ये रु.१ लाख सोही कार्यक्रममा खर्च गर्ने र बाँकी रु. ३ लाख तपसिल बमोजिमका योजनाहरुमा खर्च गर्ने ।

तपसिल

क) शिवपुरा गाउँको कीर्तन मण्डलीमा लाउड स्पीकर खरिद गर्न रु. १०,०००/-

ख) डंगरी गाउँको उत्तर नालीमा पाईप जडान गर्ने रु. ७०,०००/-

ग) बभनी शिव मन्दिरको छत ढलानमा थप गर्ने रकम रु. ५०,०००/-

घ) शिवरामपुरको इदगाह मर्मतमा रकम थप तथा माईक खरिद गर्न रु. ५०,०००/-

ङ) गोटीग्राम मा.वि.का शिक्षक श्री अब्दुल कयुम मसलमानलाई निरन्तरताको लागी अनुदान रु. १,२०,०००/-

**निर्णय नं. १२**

छैटौं नगर सभाको तयारीका लागी प्रमुख प्रशासकीय अधिकृतज्यूको नेतृत्वमा तपसिल बमोजिमका कर्मचारीहरुलाई परिचालन गर्ने निर्णय गरियो ।

१) प्रमुख प्रशासकीय अधिकृत श्री विमल राज आचार्य
२) लेखा अधिकृत श्री बलराम न्यौपाने
३) ईञ्जिनियर श्री राजेश कुमार शैनी
४) सू.प्र.अ. श्री शिवेन्द्र कुमार पासी
५) अधिकृत श्री विजय राज वाग्ले
६) सहायक श्री तुलसा अर्याल
७) सहायक श्री नारायण रेग्मी

## निर्णय नं. १३

वडा नं. ६ को निम्न योजनाहरु संसोधन गर्न आगामी छैटौं नगरसभामा पेस गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र. सं. | नगर सभाबाट पारित भएको कार्यक्रम तथा योजना | वडा समितिको बैठकको मिति | परिवर्तनका लागि सिफारिस गरिएको कार्यक्रम तथा योजना |
|---|---|---|---|
| १ | पूर्वाधार विकास समिति तर्फ क्र.सं. ३० मा रहेको वडा भरी, सडक मरम्मत सम्भार माटो पटान तथा ग्रेभल लगायत कार्यक्रममा रहेको रकम ८ (आठ लाख रुपैया) | २०७६/८/२४ | पूर्वाधार विकास समिति तर्फ क्र.सं. ३० मा रहेको वडा भरी, सडक मरम्मत सम्भार माटो पटान तथा ग्रेभल लगायत कार्यक्रममा रहेको रकम मध्येबाट **<u>श्री शसस्त्र प्रहरी वल नेपाल हेक्वा. कपिलवस्तुमा लेक्चर हल ब्यारेक निर्माण गर्नका लागि १२ फुटको जस्तापाता खरिद गर्नका लागि रकम रु. ५० ( पचास हजार रुपैया)</u>** |
| २ | सामाजिक विकास समिति तर्फ क्र.सं. १० मा रहेको अध्यक्ष कप क्रिकेट प्रतियोगिताको लागि रहेको रकम रु. १ (एक लाख रुपैया) | २०७६/८/२४ | सामाजिक विकास समिति तर्फ क्र.सं. १० मा रहेको अध्यक्ष कप क्रिकेट प्रतियोगिताको लागि रहेको रकम रु. १ (एक लाख रुपैया)मध्ये बाट **<u>वडा कप क्रिकेट प्रतियोगिताको लागि रकम रु. ५० (पचास हजार रुपैया) र वडा कप फुटवल प्रतियोगिताको लागि ५० (पचास हजार रुपैया)</u>** |
| ३ | सामाजिक विकास समिति तर्फ क्र.सं. १३ मा रहेको हरितालिका तिज कार्यक्रममा रहेको रकम रु. ५० ( पचास हजार रुपैया) र आर्थिक विकास समिति तर्फ रहेको क्र.सं. ७ मा रहेको तिलौराकोट स्वास्थ्य चौकीको लागि औषधी तथा सर्जिकल र ल्याब सामाग्री खरिदका लागि रहेको रकम रु. ५० (पचास हजार रुपैया) | २०७६/१०/९ | हरितालिका तिज कार्यक्रमका लागि रहेको रकम रु. ५० (पचास हजार रुपैया) तथा र तिलौराकोट स्वास्थ्य चौकीको लागि औषधी तथा सर्जिकल र ल्याब सामाग्री खरिदका लागि रहेको रकम रु. ५० (पचास हजार रुपैया) समेतको रकम बाट **<u>अति विपन्न वडावासीहरुका लागि ढाकाको झोला बनाउने तालिम कार्यक्रम सञ्चालन गर्नका लागि रकम रु. १ (एक लाख रुपैया)</u>** |
| ४ | भौतिक पूर्वाधार विकास समिति तर्फ क्र.सं. १४ तिलौरी (तिलौरीमा रहेको प्रतिक्षालय अगाडी जिर्ण अवस्थामा रहेको बोरिङ्ग मरम्मत सम्भार गर्नका लागि रहेको रकम रु. ५० (पचास हजार रुपैया) र तिलौरी मन्दिर अगाडी जिर्ण अवस्थामा रहेको प्रतिक्षालयको मरम्मत सम्भार गर्नका लागि रकम रु. ५० (पचास हजार रुपैया) छुट्याईएकोमा | २०७६/१०/९ | भौतिक पूर्वाधार विकास समिति तर्फ क्र.सं. १४ तिलौरी ( तिलौरीमा रहेको प्रतिक्षालय अगाडी जिर्ण अवस्थामा रहेको बोरिङ्ग मरम्मत सम्भार गर्नका लागि रहेको रकम रु. ५० ( पचास हजार रुपैया) समेतको रकमलाई समावेश गरी **<u>तिलौरी मन्दिर अगाडी जिर्ण अवस्थामा रहेको प्रतिक्षालयको मरम्मत सम्भारकार्यमा थप गरी रकम रु. १ (एक) लाखमा सो प्रतिक्षालयको मरम्मत सम्भार गर्ने</u>** |
| ५ | भौतिक पूर्वाधार विकास समिति तर्फ क्र.सं. ३१ मा रहेको शिवपुरा गाउंको प्रतिक्षालय मर्मतको लागि रकम रु. १.५० (एक लाख पचास हजार रुपैया रहेको | २०७६/१०/९ | भौतिक पूर्वाधार विकास समिति तर्फ क्र.सं. ३१ मा रहेको शिवपुरा गाउंको प्रतिक्षालय मर्मतको लागि रकम रु. १.५० ( एक लाख पचास हजार रुपैया रहेको सो रकम बाट सो योाजना परिवर्तन गरी **<u>सिद्धीपुर स्थित रहेको समयमाई मन्दिरको अधुरो रहेको निर्माण कार्य पुरा गर्ने रकम रु. १.५ (एक लाख पचास हजार रुपैया)</u>** |
| ६. | भौतिक पूर्वाधार विकास समिति अन्तर्गत यस वडाको लागि क्र.सं. ८ मा रहेको थुम्हवा गाउंको पुर्व डिहको पश्चिम टोल (मुबारक मुसलमानको घर देखि सन्नत जोलहाको घर सम्म) माटो पटान तथा ग्रेभल गर्ने कार्य गर्नका लागि रकम रु. ५०,०००।०० पचास हजार रहेको रुपैया रहेकोमा | २०७६/१०/१३ | भौतिक पूर्वाधार विकास समिति तर्फ क्र.सं. ८ मा रहेको थुम्हवा गाउंको पूर्व डिहको पश्चिम टोल (मुबारक मुसलमानको घर देखि सन्नत जोलहाको घर सम्म) सो ५०,०००।०० पचास हजार रुपैया बाट सडक पि.सि.सी. को कार्य गर्ने |
| ७ | भौतिक पूर्वाधार विकास समिति अन्तर्गत यस वडाको लागि क्र.सं. १७ मा रहेको रुधौला (ओम प्रकाश भरको घर देखि राम जानकी मन्दिर सम्म) माटो पटान तथा ग्रेभल गर्ने कार्य गर्नका लागि रकम रु. १,००,०००।०० एक लाख रुपैया रहेकोमा | २०७६/१०/१३ | भौतिक पूर्वाधार विकास समिति तर्फ लागि क्र.सं. १७ मा रहेको रुधौला (ओम प्रकाश भरको घर देखि राम जानकी मन्दिर सम्म) सो १,००,०००।०० एक लाख रुपैया बाट सडक पि.सि.सी. को कार्य गर्ने |
| ८ | भौतिक पूर्वाधार विकास समिति अन्तर्गत यस वडाको लागि क्र.सं. क्र.सं. २४ मा रहेको शिवपुरा (जमुना यादवको घर देखि मानिक यादवको घर सम्म) माटो पटान तथा ग्रेभल माटो पटान तथा ग्रेभल गर्ने कार्य गर्नका लागि रकम रु. ५०,०००।०० पचास हजार रुपैया रहेकोमा | २०७६/१०/९ | भौतिक पूर्वाधार विकास समिति तर्फ लागि क्र.सं. २४ मा रहेको शिवपुरा (जमुना यादवको घर देखि मानिक यादवको घर सम्म) सो ५०,००० पचास हजार रुपैया बाट सडक पि.सि.सी. को कार्य गर्ने |

**निर्णय नं. १४**

वडा नं.१ को निम्न योजनालाई संसोधन गर्न आगामी छैटौं नगरसभामा पेस गर्ने निर्णय गरियो ।

१) वडा नं १ को आ.ब. ०७६/०७७ को लागी स्वीकृत कुसन डल्स तालिम कार्यक्रम अन्तर्गत रु. पचास हजार विनियोजन भएकोमा सो बजेटबाट कार्यक्रम संचालन गर्न बजेट अपूग हुने हुदा मन्टेश्वरी तालिम कार्यक्रममा छुट्याइएको रु. पचास हजारलाई कुसन डल्स तालिम कार्यक्रममा समावेस गर्ने ।

**निर्णय नं. १५**

यस कार्यालयमा सेवा करारमा कार्यरत वास लगायतका कर्मचारीहरुको करार म्याद आगामी २०७७ साल आषाढ मसान्त सम्मको लागी थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

वास योजना निर्माणका लागी प्रस्तावित बजेट स्वीकृत गर्ने सन्दर्भमा वन, वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत खुला दिसा मुक्त क्षेत्र घोषणा तर्फ विनियोजित रकमबाट वास योजनाको प्रस्तुत कियाकलाप अनुसारको रकम रु. १४,८४,५००/- अनुसार कार्यक्रम अगाडि बढाउने र नपूग रकमका लागी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

कपिलवस्तु नगरपालिकाको आवधिक योजना निर्माणको लागी विस्तृत कार्य योजना आगामी बैठकमा पेस गर्ने गरी आ.ब. २०७६/०७७ को लागी पूर्वाधार विकास कार्यक्रम तर्फ एकीकृत नगर विकास गुरु योजना तर्फ विनियोजित बजेटबाट खर्च हुने गरी नगरपालिकाबाट छनौट भएका गणकहरुबाट तथ्यांक संकलन कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

कपिलवस्तु न.पा. वडा नं. १२ को युक्तेश्वर महादेव मन्दिरको निर्माणको लागी यस अघि मिति २०७६/०९/२७ को बैठकबाट छुट्याइएको रु. १ लाख ५० हजारबाट निर्माण कार्य अपूरो हुने हुदा उक्त मन्दिरको लागी थप रु. २ लाख ३० हजार उपलब्ध गराउन नगर सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

कपिलवस्तु नगरपालिका वडा नं. ७ धरमपनिया स्वास्थ्य चौकी भएको स्थानमा बर्थिङ् सेन्टर स्थापना र संचालनको लागी भौतिक पूर्वाधार तथा औजार उपकरणको लागी प्रदेश स्वास्थ्य सेवा निर्देशनालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

कपिलवस्तु नगरपालिका वडा नं. ३ को डेरवामा रहेको नगर स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य सेवा केन्द्रमा परिणत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

कपिलवस्तु नगरपालिका वडा नं. २ बरदहवामा वडा कार्यालयको भवन रहेको स्थानमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

कपिलवस्तु नगरपालिका वडा नं. ५ मा रहेको स्वास्थ्य चौकीको स्टिमेट अनुसार बजेट व्यवस्था गरि निर्माण गर्न नगर सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस कपिलवस्तु नगरपालिका अन्तर्गत वडा नं.४ मा पर्ने पिपरी र डालपुर – पिपरीको सडक करिब २०/२५ बर्ष देखि चलन चल्तीमा रहेकोमा क.व.न.पा. वडा नं. ४ बस्ने सुखराम बढई र निजको छोरा पारस बढईले सडक जे.सि.बि. लगाएर बाटो भत्काएको हुनाले बाटो तुरुन्त रोक्का गरी पाउँ भनी मिति २०७६/०८/०५ मा यस कार्यालयमा ऐ. बस्ने ललाउ मौर्याले निवेदन दर्ता गराएकोमा यस कार्यालयले मिति २०७६/०९/०६ मा सडक भत्काउने कार्य रोक्का राख्ने भनी  सुखराज बढई र निजको छोरा पारस बढईलाई पत्र लेखी यस कार्यालयमा हाजिर हुन बोलाएकोमा उपस्थित हुन नआएको र मिति २०७६/०९/८ मा वडा नं. ४ का वडा अध्यक्ष श्री रवेन्द्र प्रसाद तिवारीको रोहवरमा यस कार्यालयबाट स्थलगत निरीक्षणका लागी खटिएका कर्मचारीहरुले स्थलगत निरीक्षणमा गइ मुचूल्का उठाएका सो मुचूल्कामा २० देखि २५ बर्ष पुरानो उक्त बाटो स्थानीय गाउँ समाजबाट निर्माण गरिएको हुदा हाल पिपरी तर्फ नहरको छेउमा उत्तर तर्फ लकल बढई र दक्षिण ललाउ मुराउ, बिचमा प्रस्तावित गरि निर्माण गरिएको बाटो हाल उक्त बाटोको उत्तर तर्फको जग्गा धनीले मेरो जग्गामा एकलौटी बाटो भएको भन्दै प्रस्तावित गरि निर्माण गरिएको चलन चल्तीमा भएको बाटो भत्काइ दुवै कित्ताको सिमानामा बाटो निर्माण गर्ने साथै दक्षिण तर्फ ललाउ मुराउले केही हद सम्ममा बाटो कटान गरिएको देखिएको भनी मुचूल्का उठाइ यस कार्यालयमा पेश गरेको र सो मुचूल्का पेस भए पछि फेरी बाटो भत्काउने काम भएको भनी वडा नं. ४ बस्ने लक्ष्मण प्रसाद उपाध्याय लगायतका ७७ जनाले यस कार्यालयमा निवेदन दिएकाले यसरी संगठित रुपमा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा, नैतिकता विरुद्ध काम भएको देखिएकाले आबश्यक कागजात सहित कारवाहीको लागी जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुमा अनुरोध गर्ने निर्णय गरियो ।